# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः ९* *संख्याः १* *मितिः २०८३/०१/११*


### भाग-२

### फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

---

## बालबालिका स्वास्थ्य उपचार सहयोग सम्बन्धी कार्यविधि-२०८३

कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०१/०६

प्रमाणीकरण मिति: २०८३/०१/१०

पृष्ठभूमि:

फाकफोकथुम गाउँपालिकाका वालवालिकाहरुको उपचारलाई सुरक्षित र सहुलितपूर्ण बनाउदै स्वास्थ्य सेवा भरपर्दो बनाउन र विशेषगरी गुणस्तरीय स्वास्थ्य सेवा पाउनबाट बञ्चित गरिव तथा विपन्न परिवारका वालवालिकाहरुको स्वास्थ्य सेवा पाउने अधिकारलाई सुशनिश्चित गर्नु स्थानीय सरकारको दायित्व हो । गाउँपालिका भित्रका सम्पूर्ण वालवालिकाहरुको स्वास्थ्य उपचारमा सहयोग गर्न वाञ्छनीय भएकाले फाकफोकथुम गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ उपदफा (१) को अधिकार प्रयोग गरी फाकफोकथुम गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद .१

### संक्षिप्त नाम ,प्रारम्भ, परिभाषा र उद्देश्य

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो कार्यविधिको नाम वालवालिका स्वास्थ्य उपचार सहयोग सम्बन्धी कार्यविधि-२०८२, रहेको छ ।

(२) यो कार्यविधि फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क. "गाउँपालिका" भन्नाले फाकफोकथुम गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख. "गाउँ कार्यपालिका" भन्नाले फाकफोकथुम गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "वडा अध्यक्ष" भन्नाले फाकफोकथुम गाउँपालिकाकाको सम्बन्धित वडाको अध्यक्ष सम्झनु पर्दछ।

घ. "स्वास्थ्य शाखा" भन्नाले फाकफोकथुम गाउँपालिकाकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

ङ. "अस्पताल" भन्नाले वालवालिको उपचार गर्ने विशेषज्ञ सेवा सहितको अस्पताल सम्झनु पर्दछ ।

३. **उद्देश्यः**

फाकफोकथुम गाउँपलिकभित्र स्थायी बसोबास गर्ने विपन्न वालवालिकाहरुको उपचारलाई सुरक्षित र भरपर्दो बनाइ वालवालिकाको स्वास्थ्य उपचार पाउने अधिकारलाई सुनिश्चित गराउने ।

## परिच्छेद-२

## अस्पताल सम्बन्धि व्यवस्था

४. **वालवालिका सम्बधी विशेषज्ञ सहितको सेवा हुनुपर्नेः** (१) यस कार्यक्रममा सहभागि हुन इच्छुक अस्पतालमा वालवालिका सम्बन्धी विशेषज्ञ सहितको सेवा हुनु पर्नेछ ।

५. **सम्झौता गर्नुपर्नेः** (१) वालवालिकालाई उपचार सहयोग कार्यक्रम सञ्चालनका लागि सहुलियत प्रदान गर्न इच्छुक अस्पतालहरुको छनौटको लागि गाउँपालिकाबाट अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) वालवालिका उपचार सेवा दिनका लागि इच्छुक अस्पताल र गाउँपालिकाबीच उपचार सहुलियत दिने सम्बन्धमा अनुसूची २ बमोजिम द्विपक्षिय सम्झौता गर्नुपर्नेछ ।

(३) यस कार्यक्रम बमोजिम वालवालिका उपचार सहयोग लिनको लागि उपचार गराउँदा गाउँपालिकासँग सेवा दिन मञ्जुर भइ द्विपक्षिय सम्झौता भएको अस्पतालमा मात्र उपचार गराउनु पर्ने छ ।

## परिच्छेद- ३

## बजेट व्यवस्थापन र भुक्तानी विधि

६. **<u>बजेट व्यवस्थापन</u>** : (१) यस कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्थापन गर्नु पर्नेछ ।

७. **<u>भुक्तानी विधिः</u>** (१) यस कार्यक्रम बमोजिम वालवालिका उपचार सहयोग पाउन विरामीलाई अस्पतालमा भर्ना गराएर उपचार गरेको हुनु पर्ने छ ।

(२) गाउँपालिकामा स्थायी बसोबास गर्नु भएका परिवारको वालवालिकालाई उपचार गराउदा प्रति पटक खर्च भएको रु. २५००० सम्म विल बमोजिम र रु. २५००० भन्दा जति बढी खर्च भए तापनि गाउँपालिकाले अस्पतालको खातामा रु. २५००० भुक्तानी गर्नु पर्नेछ । र सो भन्दा बढि लागेको खर्च परिवारबाट अस्पतालले भुक्तानी लिनु पर्नेछ ।

तर, यसरी भुक्तानी लिदा अस्पतालले विरामीको सबै विवरण सहित विल भरपाइहरुको सक्कल प्रति नै गाउँपालिकामा बुझाए पश्चात मात्र भुक्तानी हुनेछ ।

८. **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** वालवालिका उपचार भए नभएको सम्बन्धमा वडाध्यक्ष र स्वास्थ्य शाखा मार्फत स्थलगत वा टेलिफोन वा घरभेट गरी अनुगमन गर्नु पर्नेछ ।

९. **<u>बाधा अड्काउ फुकाउ गर्न सक्ने :</u>** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै दुबिधा उत्पन्न भएमा बाधा अड्चन आइ परेमा कार्यपालिकाले त्यस्तो दुबिधा वा बाधा अड्चन फुकाउन सक्नेछ ।

आज्ञाले
निर्मल तुम्रोक
(प्रमुख प्रशासकीय अधिकृत)